# धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौडा सडक आयोजना (पूर्वी खण्ड)
## गाईघाट, उदयपुर,२०७४ मंसिर



आयोजना प्रमुख सहित अनुगमन टोलीले आयोजना स्थलमा लिएको सामुहिक तस्बिर

अनुगमनकर्ता
माननीय सदस्य डा. कृपा सिन्धु प्रसाद
योजना अधिकृत नइन्द्र प्रसाद दाहाल
राष्ट्रिय योजना आयोगको सचिबालय, सिंहदरवार, काठमाडौँ

# नेपाल सरकार
# राष्ट्रिय योजना आयोगको सचिवालय
# जिल्लागत आयोजना अनुगमन विवरण

**आयोजनाको नाम : धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौडा सडक आयोजना (पूर्वी खण्ड)**

**स्थान** : **गाईघाट, उदयपुर**

**आयोजना प्रमुखको नाम : उमेश बिन्दु श्रेष्ठ** आयोजनामा रहेको अवधि : **आ.व. ०७२/७३**

१.पृष्ठभुमि :

- चिनारी :- पुर्व पश्चिम वैकल्पिक मार्गका रुपमा सुनसरी, उदयपुर, सिन्धुली र मकवानपुर जिल्लाका भित्रि उपत्यकाको साना सहर तथा सदरमुकाम जोडने गरि ३१८ कि.मि. लम्बाईको २ लेन सडक ASPHALT Concrete कालोपत्रे सडक स्तरोन्नति गर्ने लक्ष्यका साथ २०७२/११/१७ गतेको मन्त्रिपरिषद्को बैठक बाट आयोजनाका लागि अवधारणा स्वीकृति भई यो आयोजना संचालन तथा कार्यान्वयनमा रहेको छ | यस आयोजनालाई संचालन गर्न २ वटा आयोजना स्थरका फिल्ड कार्यालयहरु देखिन्छ | हेटौडा आयोजना कार्यालय अन्तर्गत भिमान देखि सिन्धुली बजार हुदै हेटौडा सम्मको १४० कि.मि. मध्ये २२ कि.मि. बि.पि. राजमार्गको ओवर ल्याप छोडी ११८ कि.मि. दुरीको सडक हुनेछ त्यसै गरि गाईघाट आयोजना कार्यालय अन्तर्गत धरान-चतरा २० कि.मि सडक डिभिजन सडक कार्यालय बिराटनगरले हेर्दछ भने चतरा-बसाहा २३.८ कि.मि सडक कंचनपुर-चतरा-नदाहा सडक आयोजना, आयोजना निर्देशनालाय, फिल्ड अफिस धरानले हेर्दछ | यस आयोजना कार्यालय गाईघाटले सडकको ४३.८ कि.मि. देखि १७८ कि.मि. को दूरी सिन्धुलीको भिमान सम्मको सडक हेर्दछ | यस आयोजनालाई तत्कालिन अवस्थामा नेपाल भारत सीमा अवरोध र आपूर्ति अवस्थामा आएको व्यवधान साथै पुर्व पश्चिम महेन्द्र राजमार्गको पूर्वी खण्डमा बैकल्पिक मार्गको रुपमा तत्काल र भविष्यलाई समेत सहज बनाउने उदेश्यले उच्च प्राथमिकतामा राखी सडक निर्माण कार्य भई रहेको छ |
- यस आयोजनाको सुरु २०७३ मंसिरमा भई २०७६ कार्तिकमा सम्पन्न हुने गरि ३ बर्ष अवधि रहेको छ | यस आयोजनामा ७ मिटर चौडाईमा २ लेन गाडी चल्ने र सो बाहेक थप २/२ मिटर दुवै तर्फ साइड बाटो समेत रहनेछ |
- यस आयोजनालाई निर्माण गर्दा पारम्भिक वातावरणीय परिक्षण मात्र गर्ने गरि Quarry site भनि पहिचान भएका स्थानबाट व्यवस्थित रुपमा निर्वाध ढङ्गले निर्माण सामाग्री उत्खनन प्रयोग गर्न पाउने अधिकार २०७२/११/१७ को मन्त्रिपरिषद्को निर्णयले प्रदान गरेको देखिन्छ |

## २) आयोजनाको समग्र चिनारी :

### (अ) श्रोत व्यवस्थापन

(क) व.उ.शि.नं. : ३३७१२५४

(ख) खर्चको श्रोत : (१) नेपाल सरकार : √ (२) वैदेशिक :√

(ग) गत आ.व.को भौतिक प्रगति प्रतिशत : ९९.९९%

(घ) गत आ.व.सम्मको भौतिक प्रगति प्रतिशत : ११.८८% (सडक) , २.१०% (पुल)

(ङ) गत आ.व. को वित्तिय प्रगति प्रतिशत : ९९.९९%

(च) गत आ.व. सम्मको वित्तिय प्रगति प्रतिशत : ६.१०% (सडक), २.३३% (पुल)

(छ) आयोजनको आ.व.०७४।७५ को कार्यक्रम र वजेट सम्वन्धि विवरण

(१) चालु आ.व.को अख्तियारी र स्वीकृतीको चौमासिक विभाजन प्राप्त मिति : २०७४/०४/३२

(२) चालु आ.व.को वजेट निकासाको लागी माग गरेको मिति : २०७४/०७/१७

(३) चालु आ.व.को वजेट निकासा भएको मिति : २०७४/०७/१७

(४) वजेट निकासा हुन नसकेको भए सोको कारण :

(ज) आयोजनाको चालु आ.व.को वजेट विवरण (रु.हजारमा)

| चालु आ.व.को विनियोजित वजेट | हाल सम्मको निकासा | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|
| १६५४१.७६ | ५२२५ | ५२२५ | |

(झ) व्यवस्थापकिय पक्ष :

(१) भौतिक :

| भौतिक साधन | संख्या | सवारी साधन | संख्या | खुद प्रयोग सवारी संख्या | थप कुनै साधन आवश्यकता भए साधनको नाम | संख्या |
|---|---|---|---|---|---|---|
| गाडी | ४ | | | ४ | | |
| मोटरसाइकल | ११ | | | ११ | | |

(२) जनशक्ति :

| दरवन्दीको पद | पदपूर्ति संख्या | रिक्त संख्या | रिक्त रहेको अवधि र कारण | दरवन्दी प्रयाप्त/अप्रयाप्त |
|---|---|---|---|---|
| यो.प्र | १ | - | | |
| इन्जिनीयर | २ | १ | | पदपूर्ति जरुरी |
| ले.अ./ले.पा. | २ | - | | |
| सव-इन्जिनीयर | २ | ४ | | पदपूर्ति जरुरी |
| कम्प्युटर अपरेटर | १ | - | | |
| ह.स.चा. | २ | - | | |

## (आ) अपेक्षित उपलब्धीहरु :

| क.स | प्रमुख कृयाकलापहरु | अपेक्षित प्रतिफलहरु | वार्षिक लक्ष्यको तुलनामा प्रथम चौमासिकको भौतिक प्रगति प्रतिशत | आयोजनको हालसम्मको प्रतिफल र उपलब्धिहरु |
|---|---|---|---|---|
| १ | ढुंगा माटोको कार्य (Back cutting/Embankment filling) | १३५ कि.मि. | १ कि.मि. (१००%) | ६५ कि.मि. |
| २ | टेवा पर्खाल निर्माण | ४० कि.मि. | १ कि.मि. (१००%) | ८ कि.मि. |
| ३ | पक्की नाली निर्माण | १४० कि.मि. | - | ० कि.मि. |
| ४ | पुलेशा निर्माण | ५०० वटा | १० वटा (१००%) | २१० वटा |
| ५ | सव वेश कोर्स | १३५ कि.मि. | ० कि.मि. (०%) | ० कि.मि. |
| ६ | वेश कोर्स | १३५ कि.मि. | ० कि.मि. (०%) | ० कि.मि. |
| ७ | कालोपत्रे (सर्फेस /ड्रेसिंग /अस्फाल्ट / आर.सि.सि.) | १३५ कि.मि. | ० कि.मि. (०%) | ० कि.मि. |
| ८ | सडक सुरक्षा | १३५ कि.मि. | ० कि.मि. (०%) | ० कि.मि. |
| ९ | वातावरण सुरक्षा/ बायो इन्जिनियरिङ | १००% | ० कि.मि. (०%) | ० कि.मि. |
| १० | सडक मर्मत | १३५ कि.मि. | ० कि.मि. (०%) | ० कि.मि. |
| ११ | पुल निर्माण | ४४ वटा | ० वटा | १ वटा |

## (३) आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्याहरु र समाधानका उपायहरु (महत्वको क्रम अनुसार)

| क.स | समस्या विवरण | समाधानकालागी गरिएका प्रयासहरु | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | मौवासी क्षेत्रमा सडक रेखांकन विवाद \| (उदयपुरगढी -५) १२ कि.मि. Construction Survey बाकी रहेको | विवादित ठाउँमा अर्को सडकमा समेत १२ कि.मि. सडक स्तरोन्नति गर्ने माग अनुसार NPC मा सैद्धान्तिक स्वीकृतिलाई प्रस्ताव पुगेको \| | NPC बाट प्रस्ताव स्वीकृत भएपछि साविक रेखांकन सहित थप १२ कि. मि. लम्बाईमा समेत काम गर्न पाइने \| |
| २ | रुखकटान, पोल सार्ने, घरहरु हटाउने काममा ढिलाई \| | सम्बन्धित सरकारी निकाय हरुसंगको समन्वयमा रुख कटान र पोल हटाउने कार्य सम्पन्न हुने क्रममा \| घरको लगत लिने कार्य सम्पन्न हुने क्रममा \| | घरको लागि मुआब्जा दिने \| |

**(४) यस आ.व.मा यस अघि भएको निरिक्षण विवरण**

| क.स | निरिक्षण गर्ने पदाधिकारीको नाम,थर, पद र कार्यालय | निरिक्षण गरेको मिति |
|---|---|---|
| - | - | - |

**(५) स्थलगत निरिक्षणवाट देखिएका आयोजनाका उल्लेखनिय पक्षहरु :**

(क) उल्लेखनिय क्रियाकलाप :

- रुख कटान कार्य  (८०% सम्पन्न)
- विधुत पोल सार्ने कार्य (६०% सम्पन्न)
- टेवा परखाल बनाउने कार्य (२०% सम्पन्न)
- कल्भर्ट बनउने कार्य (२१० थान सम्पन्न)
- १३५ कि.मि. सडकमा ढुंगा माटोको काम भईरहेको

(ख) उल्लेखनिय प्रतिफल :

- हिउदमा १३५ कि.मि. सडकमा नै सवारी साधन संचालन भईरहेको,
- महेन्द्र राजमार्गको पूर्वि खण्डमा आपूर्ति व्यवस्थापन र यात्रा व्यवस्थित हुने ।

(ग) सवल पक्ष :

- स्थानीय जनताले बिना मुआब्जा जग्गा उपलब्ध गराउन तत्पर्ता देखाएको,
- २०७२/११/१७ को मन्त्रिपरिषद्को निर्णयले कार्य सहजीकरणलाई पारम्भिक वातावरणीय परिक्षणले मात्र सडक निर्माणलाई स्वीकृति दिनुको साथै निर्माण सामाग्रीको  Quarry site भनि पहिचान भएको स्थानबाट आवश्यक ढुंगा माटो बालुवा निर्बाद रुपमा संकलन गर्ने स्वीकृति प्रदान भएको |

(घ) दुर्वल पक्ष :

- विनयोजित बजेट कार्यक्रमको लक्ष्य अनुसार आएको देखिएन जसको कारण ठेक्का अवधिमा कार्य सम्पन्न हुने सम्भावना नभएको,
- प्राविधिक जनशक्ति दरवन्दी अनुसार नहुदा कार्य सम्पादन तथा निरिक्षण सुपरभिजन कठिनाई भएको,
- सडक निर्माण गर्ने क्रममा विभिन्न Public Utilities Structure हरु सार्नु पर्ने जसको लागि विधुत, खानेपानीका कार्यालयहरु संग समन्वय गर्दा बढी समय व्यतित भई कार्य संचालनमा ढिलाई हुन गएको साथै वनको स्वीकृतिमा समेत ढिलाई भएको |

## (६) विभिन्न सरोकारवालाहरुको धारणा

(क) लाभग्राहीको धारणा :

- आयोजना सम्पन्न गर्ने अपेक्षित उपलब्धि हासिल भएको देखिएन तसर्थ उलेख्य कार्य प्रगतिको लागि आयोजना संचालन गर्ने कार्यालयले कार्य प्रगति दुर्तगतिमा लैजानु पर्ने ।

(ख) उपभोक्ता समितिको धारणा : -

(ग) लाभग्राही वाहेक अन्यको धारणा :

- महेन्द्र राजमार्गको पूर्वी खण्डमा वैकल्पिक मार्ग भएकाले यसको उपयोगिता आपूर्ति व्यवस्थापन देखि यात्रा सहजीकरणलाई यथाशीघ्र कार्य प्रगति बढाउनु पर्छ ।

## (७) आयोजनाको सम्वन्धमा आयोजना प्रमुखको भनाई सुझावहरु :

(डी. पी. आर. तयार भए नभएको, ठेक्का लागे नलागेको, आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम, मुआव्जा सम्वन्धि स्थिति, लक्ष्य प्रगतिको तुलना र अन्तर विश्लेषण,सहित वर्तमान स्थिति)

- डी. पी. आर. तयार भए नभएको : **भएको**
- ठेक्का लागे नलागेको : **लागेको (२ वटा ठेक्का)**
  - १. सडक कालोपत्रे १३५ कि.मि
    ठेक्का नं. DCGKSHP/PCU/337125/072/073-001
    ठेक्का कम्पनीको नाम: ZIEC-Sharma-Lama JV, Kathmandu
    ठेक्का कवोल अंक रु. ७३६९९८४ (हजार)
    ठेक्का सम्झौता मिति: २०७३/०७/२२
    ठेक्का सम्पन्न हुनुपर्ने मिति: २०७६/०७/२१
  - २. सडक पुल ४४ वटा
    ठेक्का नं. BBPCU-DB-SRN-072/73-029
    ठेक्का कम्पनीको नाम: COVEC-RASUWA-TUNDI
    ठेक्का कवोल अंक रु. ३८५९०३५ (हजार)
    ठेक्का सम्झौता मिति: २०७३/०७/२४
    ठेक्का सम्पन्न हुनुपर्ने मिति: २०७६/०७/२३

- आयोजनाको सुरु लागत संसोधन भएको भए सो लागत रकम : **नभएको**

- मुआब्जा सम्बन्धि स्थिती : घरहरु भत्किने भएको स्थानमा घरको मुआब्जा दिइने ।

(८) **आयोजना स्थलमा लिएको फोटो,नक्सा आदि**



गाईघाट-चुहाड़े सडक खण्डमा पर्ने निर्माणाधीन सरस्वती खोला पुल



गाईघाट-चुहाड़े सडक खण्डमा Embankment को कार्य भईरहेको



अनुगमनका क्रममा मा. कृपा सिन्धु प्रसाद, योजना अधिकृत नइन्द्र दाहाल, योजना प्रमुख उमेश बिन्दु श्रेष्ठ र इन्जिनीयर गोबिन्द दुमरु



अनुगमनका क्रममा मा. कृपा सिन्धु प्रसाद, योजना अधिकृत नइन्द्र दाहाल, योजना प्रमुख उमेश बिन्दु श्रेष्ठ, इन्जिनीयर गोबिन्द दुमरु साथै ठेकेदार प्रतिनिधी इन्जिनीयर सिताराम दाहाल

(९) <u>निष्कर्ष</u> :

**(क) समस्याहरु**

- वार्षिक बजेट लक्ष्य अनुसार अति न्यून,
- सडक सीमाका लागि जग्गा अधिग्रहण नगरी आयोजन संचालन,
- विधुत पोल सार्ने, रुख कटान गर्ने, घर हटाउने कार्यमा ढिलाई,
- उदयपुरगढी -५ को मौवासी क्षेत्रमा थप १२ कि.मि. सडक स्तरोन्नतिको लागि प्रस्ताप गएको, १२ कि.मि. construction survey उक्त क्षेत्रमा बिबादले नभएको,
- IEE अपूर्ण भई Quarry site नखुलेकाले सिन्धुलीमा कार्य संचालन हुन अवरोध भएको,
- ठेकेदारले आवश्यक जनशक्ति र machinery औजार सम्झौता बमोजिम परिचालन नगरेको,
- वर्तमान चुनावी माहोलले गर्दा कार्य संचालनलाई ठेकेदारले समय दिन नसकेको |

**(ख) समाधानहरु**

- ३ वर्षीय लक्ष्य अनुसार समयमा कार्य सम्पादनका लागि वार्षिक बजेट बिन्योजन गर्नुपर्ने,
- स्वेच्छिक जग्गा प्राप्तिलाई बिना रोकटोक आयोजना सम्पन्न नभए सम्म उपलब्ध गराउने कार्यको लागि उपभोक्ताहरु संग उचित समन्वय र सहकार्य निरन्तर रही रहनु पर्ने,
- विधुत पोल सार्ने, रुख कटान गर्ने र घर हटाउने कार्य यथाशीघ्र सक्नु पर्ने साथै घरको मुआब्जा यसै आ.व. को तेश्रो चौमासिमा वितरण गर्ने गरि बजेट व्यवस्था हुनु पर्ने,
- उदयपुरगढी -५ को मौवासी क्षेत्रको सडक रेखाकंनकको विवादमा construction survey गर्नुका साथै थप १२ कि.मि. को स्तरोन्नति कार्य सम्बन्धि survey सहित ठेक्काका लागि सम्पूर्ण व्यवस्था गर्नु पर्ने,
- IEE को अपुग अवस्थालाई मन्त्रालयबाट यथाशीघ्र सम्बोधन हुने गरि पुरक IEE बनाई उदयपुर र सिन्धुलीको Quarry site को स्थल किटान हुनु पर्ने,
- निर्माण कार्यको लागि वातावरणीय जोखिम नहुने स्थल खुलाई वर्षातको समयमा पनि निर्माण सामग्री आपूर्तिको व्यवस्था सहजै गनु पर्ने,
- ठेकेदारबाट कार्य संचालन गर्न सकिने स्थानमा समेत आवश्यक जनशक्ति सहित स्रोत र साधन परिचालन गरेको नदेखिदा लक्ष्य अनुसार कार्य सम्पन्न गर्न कार्यालयबाट ठेकेदारलाई थप निर्देशन सहित क्रियासिल गराउने,
- चुनावी अवस्था लगभग चाँढै सकिने हुदा मंसिर २१ पश्चात ठेकेदारलाई यसको कारण मानि कार्य प्रगतिमा कमि आउन नदिन उचित पहल गर्ने |

**<u>अनुगमन टोली</u>**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**

# नेपाल सरकार
# राष्ट्रिय योजना आयोगको सचिवालय
# जिल्लागत आयोजना अनुगमन विवरण

**अनुगमनको विषय : बाढी निरीक्षण** **जिल्ला : पर्सा**

**भलुवाही खोला**

**१.पृष्ठभुमि** :

**(क) चिनारी :**

अनुगमनको अवधि :- २०७४।०५।०९
अनुगमन स्थल :- पटेर्वा सुनौली -४, पर्सा, सुनौली गाँऊ
खोला :- भलुवाही
वर्षाको अवधि :- ०७४।०४।२७ - ०७४।०४।३०

बाढी प्रभावको असर :- १.उत्तर तर्फ पथलवा घाट वाट दक्षिण तर्फ उत्तर सुगौलीको बाध सम्म,
२.करिव ३५० मिटर चौडाईमा ४ कि.मी लम्वाईको सतहले वाढी पसेको,
३. ५०० विगाहा जमीन मा क्षती भई २०० विगाह बालुवा मात्र भएको,
४. २०० घर परिवारलाई यस क्षेत्रमा असर पुगेको ।

बाढी प्रभावको क्षती :- १. १० कठ्ठाको पोखरी जलाम्य भई कटान गरी माछ्रा बगाएको,
२. ३ कठ्ठाको पोखरी माछ्रा सहित पुरै पुरीएको, ५ वटा भैसी वगाएको,
३. धानवाली ५०० विगाहा नष्ट २०० विगाहामा १० वर्ष उत्पादन नहुने,
४. उखु वाली १ विगाहा पुरीएको र ३ कठ्ठा तिल वाली नष्ट भएको,
५. टिक, सिसौ आदि विरुवा क्षति ग्रस्त भई अस्तव्यस्त भएको,
६. सुगौली- जितपुर जाने ग्रामिण सडक कटान भई क्षत विक्षत भएको ।

अन्य अवस्थाहरु :- १. कुनै पनि घर विस्थापित हुनु परेन,
२. पिडितको क्षति जमिन ५ कठ्ठा देखि वढीमा ७ विगाह सम्म रहेको,
३. बाढीको असर र क्षती सम्वन्धमा पिडितहरुले जिल्ला प्रशासन कार्यालय र जिल्ला कृषि विकास कार्यालयमा निवेदन गरेको,
४. राहतको कारवाही सम्वन्धमा कुनै प्रकारको कारवाही नभएको ।

बाढीको कारण :- १. पथलवा घाटमा भलुवाही खोलाको सतह चुरे पहाडका जमिन वालुवा को सतह वढी खोलाको उचाई अग्लीई खोला अनियन्त्रीत भई अन्यत्र गएको ।

**(ख) राहत व्यवस्थापन सम्वन्धी सुझाव**

१. क्षतीभएका कृषिवालीको यथार्थ एकिन क्षतिको प्राविधिक मुल्यांकन गराउनु पर्ने,
२. धानवालीको हकमा उत्पादनलाई प्रति विगाहा ६० मन मानी सोको १०% राहत प्रदान गर्ने ।

## २. <u>सुझाव :</u>

**(क) अल्पकालिन समाधानलाई सुझाव :-**

बाढी छिरेको स्थान पटेर्वा सुनौली ४ को सिरानमा न्युनतम ५०० मिटरको जेभिएर स्पेयर बाध निर्माण गर्ने ।

**(ख) दिर्घकालिन समाधानलाई सुझाव :-**

भलुवाही खोलाको दुवै तर्फ तटवन्ध निर्माण गर्ने ।

# औरही खोला

## १.पृष्ठभुमि :

**(क) चिनारी :**

अनुगमनको अवधि :- २०७४।०५।१० र ११
अनुगमन स्थल :- छिपरमाई १, २ र धोवेनी ३
खोला :- औरही
वर्षाको अवधि :- ०७४।०४।२७ - ०७४।०४।३०

बाढी प्रभावको असर र क्षती :-

१.दशौ हजार जमिनको धानवाली, सयौ विगाहा उखुवाली र १० कठ्ठा देखि ३ विगाहा सम्मको १५ वटा माछा पोखरी क्षतिग्रस्त,
२. प्रत्येक घर परिवार र विद्यालयमा कम्तीमा ३ फिट देखि ४ फिट सम्मको सतह वनी पानीले उचाई लिएको,
३. केही घरहरु भत्किई पुनः निर्माण गर्ने अवस्थामा रहेको,
४.सर्वसाधारणको खाने वस्ने सामानहरु वाढीले खराव वनाएको,
५. ग्रामिण सडकहरु क्षतिग्रस्त भई संचालन हुन नसकेको,
६. सर्वसाधारणको दैनिकी अति असहज भएको,
७. सयौ पशुधन र राखिएको अन्नवालीहरु नासिएको ।

बाढीको कारण :-

१. भारत सरकारले घोडासहन केलान सिंचाई योजनाको नहर भैसालोटन वाध देखि पर्सा जिल्ला हुदै रौतहट तर्फ लगेकाले नहरमा रहेको साइफनहरु वाढी को समयमा नखोलीदीने गरेको अझ अनुगमन गरेको स्थलका ५वटै साइफनहरु संचालन योग्य नराखी पानीको वहाव रोकीई नेपाल तर्फको सीमाका ५ कि.मि.सम्मका गाउहरु जलमग्न हुन पुगेको ।
२. भारतले साइफन नखोलेका स्थानहरु

- छीपरमाई २ टिहुकी सिमाक्षेत्र भारतको सोनरा टोल
- छीपरमाई २ चरगाहाँ सिमाक्षेत्र भारतको पकुहवा
- छीपरमाई १ मिर्जापुर सिमाक्षेत्र भारतको बफनौली
- छीपरमाई १ मिर्जापुर सिमाक्षेत्र भारतको वसन्तपुर
- धोवेनी ३ आसवारा सिमाक्षेत्र भारतको समरवाढी

**(ख) राहत व्यवस्थापन सम्वन्धी सुझाव**

१. क्षतीभएका कृषिवालीको यथार्थ एकिन क्षतिको प्राविधिक मुल्यांकन गराउनु पर्ने,
२. धानवालीको हकमा उत्पादनलाई प्रति विगाहा ६० मन मानी सोको १० % राहत प्रदान गर्ने,
३. अन्य वालीका सम्वन्धमा आवश्यक मुल्यांकनका लागि प्राविधिक खटाई उचित क्षतिपुर्ति दिने ।

**२. सुझाव :**

**(क) अल्पकालिन समाधानलाई सुझाव :-**

१. बाढी छिरेको स्थान भारतको सिमाक्षेत्रका घोडासहन केलान सिंचाई योजनाका ५ वटै उक्त साइफन नियमित संचालन हुनेगरी राखी वर्षाको समयमा वन्द गर्ने कार्य रोक्न नेपाल सरकारको उच्चस्तरीय पहल हुनुपर्ने,
२. बाढीले क्षति भएका नेपाली घरपरिवारको वाली तथा अन्य सार्वजनिक सम्पतिको क्षति एकिन गरि यसको क्षतिपुर्तिका निम्ति २ देसिय वार्ता भई सम्वोधन हुनु पर्ने ।

**(ख) दिर्घकालिन समाधानलाई सुझाव :-**

१.भारत सरकारले सिमा क्षेत्रमा २ कि.मी देखी ४ कि.मी मा रहने गरी विहारको आर्मी रोडको नामले बनाएको सिमाक्षेत्रको सडकमा पानी निकासको लागि २ देशिय वार्ता गरी उचित सम्वोधन गर्ने,
२. भारतले गण्डक नदीको भैसालोटन वाध र तहावाट संचालित घोडासहन केलान सिंचाई आयोजना जस्ता सिंचाई आयोजना मा पानी निकास को साइफन वन्द गर्ने र विगार्ने जस्ता कार्यलाई २ देशिय दीर्घकालिन समाधानको उचित नीति वनाई वार्ताद्वारा सम्वोधन गर्ने,
३. औरही खोलालाई दुवैतर्फ कम्तिमा २० फिट उचाईको जेभिएर स्पेयर तटवन्ध गरी पानी नियन्त्रण गराई विना रोकतोक बहने व्यवस्था गर्ने ।

**अनुगमन टोली**
**माननिय सदस्य : डा.कृपा सिन्धु प्रसाद**
**योजना अधिकृत : नइन्द्र प्रसाद दाहाल**